का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० फागुन २०८०,
बुधबार
13 March 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २९ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रचण्डको सरकार ओलीको प्रतिष्ठा

प्रधानमन्त्रीले तेस्रोपटक विश्वासको मत लिँदै गर्दा विगतमा भन्दा दृश्य केही बदलिएको छ । प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिलाउने र नयाँ समीकरणलाई दीगो बनाउने विषयलाई एमाले अध्यक्ष ओलीले प्रतिष्ठाकै विषय बनाएका छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

नेपाली कांग्रेससँगको गठबन्धन छाडेर नेकपा नेकपा एमाले, रास्वपा, जसपा र एकीकृत समाजवादी सहितका दलहरुको समर्थनमा सरकारलाई अगाडि लैजान खोजेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिँदैछन् ।

प्रचण्डले १४ महिनामा तेस्रो पटक विश्वासको मत लिन लागेका हुन् । २०७९ पुस १० गते एमाले, रास्वपा, राप्रपा, जसपा, जनमत, नाउपा लगायत समर्थनमा प्रचण्ड प्रधानमन्त्री भएका थिए । उनले पुस २६ गते विश्वासको मत लिएका थिए । त्यसबेला प्रतिपक्षीमा रहेको कांग्रेस सहितका दलको प्रचण्डले समर्थन पाए । संसद बैठकमा उपस्थित २७० सांसदमध्ये २६८ जनाले प्रचण्डलाई प्रधानमन्त्रीका रुपमा विश्वासको मत दिएका थिए । उनले इतिहासमै पहिलोपटक सबै दलको समर्थन पाएका थिए ।

तर, राष्ट्रपतिको चुनावसम्म पुग्दा प्रचण्ड कांग्रेससँग नजिकिए । राष्ट्रपति चुनावमा माओवादीले कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई मत दिने भएपछि एमालेसँगको समीकरण भत्कियो र नयाँ समीकरण बन्यो । प्रचण्डले फेरि दोस्रो पटक चैत ६ गते संसदमा विश्वासको लिए । त्यसदिन भएको मतदानमा उनलाई विश्वास छ भन्ने पक्षमा १७२ मत खसेको थियो । विपक्षमा ८९ मत परेको थियो ।

यही फागुन २१ गते प्रचण्डले कांग्रेससँगको गठबन्धन तोडेर फेरि एमाले र रास्वपासँग गठबन्धन गरेपछि कांग्रेस प्रतिपक्षमा पुगेको छ । एमाले, माओवादी, रास्वपा, जसपा, एकीकृत समाजवादीसहितको पाँच दलीय गठबन्धन बनेको छ । यही गठबन्धनको समर्थन प्रचण्डलाई छ । यस आधारमा प्रचण्डले आज बुधबार विश्वासको मत लिन लागेका हुन् ।

प्रधानमन्त्रीले तेस्रोपटक विश्वासको मत लिँदै गर्दा विगतमा भन्दा दृश्य केही बदलिएको छ । प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिलाउने र नयाँ समीकरणलाई दिगो बनाउने विषयलाई एमाले अध्यक्ष ओलीले प्रतिष्ठाकै विषय बनाएका छन् ।

तेस्रोपटक प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिनु अगाडि एमाले अध्यक्ष ओलीले साना दलहरुसँग मत मागे । एकीकृत समाजवादीलाई विश्वासमा लिन पाँच दलबीच नयाँ सहमति गराए । नयाँ सहमतिमा यसअघि एमालेले राष्ट्रिय सभाको उपाध्यक्ष लिने विषय हटाइएको छ । प्रदेश सरकारमा एकीकृत समाजवादीलाई समेट्ने लगायत विषयमा नरम भएका छन् । साथै ओलीले मंगलबार संसदीय दलको बैठक राखेर नयाँ समीकरण दीर्घकालीन भएको भन्दै पार्टीका सांसदहरुलाई सर्तक गराए ।

मंगलबार नै सत्तारुढ रास्वपा, एमाले, एकीकृत समाजवादीले सांसदहरुलाई प्रचण्डलाई विश्वासको मत दिन ह्वीप लगाइसकेका छन् । एमाले ७८, माओवादी ३२, रास्वपा २१, जसपा १२ र एकीकृत समाजवादीका १० सांसद छन् ।

नागरिक उन्मुक्ति पार्टीले पनि प्रचण्डलाई विश्वासको मत दिने निर्णय गरेको छ । संसदीय दलका नेता रञ्जिता श्रेष्ठले मंगलबार चारैजना सांसदलाई अनिवार्य उपस्थित भएर विश्वाको मतको पक्षमा उभिन ह्वीप लगाएकी छन् । यी ६ दलको कूल मत १५७ हुन्छ ।

प्रतिनिधि सभामा सभामुख र उपभामुखसहित २७४ सांसद छन् । त्यमिध्ये दुईजना निलम्बित छन् । प्रधानमन्त्रीमा विश्वास छ भन्नका लागि १३८ मत

पृष्ठ २ मा

राष्ट्रिय सभा अध्यक्षमा दाहाल

# संसदको ओज बढाउने चुनौती

संविधानको मर्म र भावनाअनुसार राष्ट्रिय सभाले आफ्नो भूमिका देखाउन नसकेको र प्रतिनिधि सभाको छायाँ बनेको आरोप पन्छाएर यसको गरिमा र ओज बढाउन सक्नु नै नवनिर्वाचित अध्यक्ष दाहालको प्रमुख चुनौती हो ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

राष्ट्रिय सभा अध्यक्षमा नारायणप्रसाद दाहाल निर्वाचित भएका छन् । राष्ट्रिय सभामा मंगलबार भएको निर्वाचनमा माओवादीका केन्द्रका दाहाल ३९ मत प्राप्त गर्दै बहुमतका आधारमा विजयी भएका हुन् । दाहाल सत्ता गठबन्धनको तर्फबाटका उम्मेदवार थिए ।

कांग्रेस र लोसपाको तर्फबाट युवराज शर्मा थिए । शर्मा र दाहालका लागि दुवै तर्फबाट पेस गरिएको प्रस्तावित मत बहुमतका आधारमा पारित गरिएको हो । जसमा ३९ मत लिएका माओवादीका दाहाल विजयी भएका हुन् ।

माओवादीका उम्मेदवार दाहाललाई माओवादीसहित नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादी पार्टीको समर्थन थियो भने कांग्रेसका शर्मालाई कांग्रेसबाहेक लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को समर्थन थियो ।

शर्मालाई अध्यक्ष बनाउनुपर्ने प्रस्तावमा १७ जनाले मत दिएका थिए । ५९ सदस्यीय मतदानमा ५६ जनाले भाग लिएका थिए । राष्ट्रिय जनमोर्चाले दुवै उम्मेदवारलाई मत दिएन । निर्वाचनपछि पत्रकारहरुसँग कुरा गर्दै अध्यक्ष दाहालले राष्ट्रिय सभालाई ओजपूर्ण पर्यास गर्ने प्रतिवद्धता जनाए ।

'राष्ट्रिय सभाको अधिकार क्षेत्रभित्र पर्ने हरेक कामलाई गम्भीरताका साथ लिएर म अगाडि बढ्छु । त्यो कानुन निर्माण होस् अथवा अरु सवाल किन नहोस्' दाहालले भनेका छन्, 'राष्ट्रिय सभालाई ओजपूर्ण, गरिमामय र देशको अति आवश्यक संस्था रहेछ भन्ने खालको बनाउन म आफ्नो प्रयत्न गर्नेछु ।'

नवनिर्वाचित अध्यक्ष दाहालले सार्वजनिक प्रतिवद्धताअनुसार काम गर्न सके त्यो धेरै ठूलो उपलब्धी हुने बताउँछन् राष्ट्रिय सभामा एमालेका संसदीय दलका नेता देवेन्द्र दाहाल । उनी थप्छन्, 'उहाँको जे सार्वजनिक प्रतिवद्धता छ त्यो उहाँले गर्नुहुन्छ भन्ने विश्वास छ । त्यसो हुँदा राष्ट्रिय सभाको ओज बढ्छ । राष्ट्रिय सभा वर्तमानमा भन्दा भन्दा दह्रो हुन्छ ।'

संघीय संसद सचिवालयको विवरण अनुसार दाहाल पञ्चायतकालको उत्तरार्ध २०३२ सालदेखि

पृष्ठ २ मा



राष्ट्रिय सभालाई ओजपूर्ण, गरिमामय र देशको अति आवश्यक संस्था रहेछ भन्ने खालको बनाउन म आफ्नो प्रयत्न गर्नेछु ।

■ **नारायणप्रसाद दाहाल**
**अध्यक्ष, राष्ट्रिय सभा**

# आरती साहको परिवारसँग ५ बुँदे सहमति

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

आरती साहको परिवार र सरकारबीच ५ बुँदे सहमति भएको छ । मंगलबार भएको सहमति अनुसार थप अनुसन्धानमा सीआईबी खटिनेछ । जनकपुर उपमहानगरपालिका-९, थापाचोकको २२ वर्षीया आरती शाहको मृत्युबारे थप अनुसन्धान गरेर प्राप्त प्रमाण अदालतमा पेश गर्ने गरी केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोली खटाउने सहमति भएको हो ।

उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले पीडित परिवारलाई वार्ताका लागि गृह मन्त्रालय बोलाएका थिए । त्यसक्रममा अदालतमा विचाराधीन मुद्दालाई समेत मध्यनजर गरेर प्राप्त हुने थप प्रमाणलाई अदालतमा पेश गर्ने गरी थप अनुसन्धानको जिम्मा सीआईबीलाई दिने सहमति भएको मन्त्रालयले जनाएको छ ।



सहमति अनुसार, अनुसन्धान टोलीले परिवारसँग समन्वय गरेर अनुसन्धान गर्ने र कार्य प्रारम्भ गरेको ४५ दिनभित्र ४ वटा विषयमा जाँच गर्ने भनिएको छ । जसअनुसार, साहको कर्तव्य ज्यान सम्बन्धी मुद्दाको अनुसन्धान भएको कमी कमजोरीहरुका बारे अनुसन्धान गर्ने र परिवारमाथि प्रहरीबाट भएको कुटपिट र दुर्व्यवहारबारे पनि जाँच गर्ने भनिएको छ ।

यस विषयमा नेपाल मेडिकल काउन्सिल र राष्ट्रिय मानव अधिकार आयोगबाट सार्वजनिक भएको प्रतिवेदनमा उल्लेखित विषय समेतलाई अध्ययन गर्ने भनिएको छ । घटनाबारे तयार भएका चिकित्सकीय प्रतिवेदनहरु समेत अध्ययन गर्ने भनिएको छ । योसँगै परिवारका तर्फबाट भएका आन्दोलनका कार्यक्रम रोकिने भएको छ ।

## वैदेशिक रोजगार विशेष

# विभागमा अख्तियारको छापा, घुससहित नासु पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार विभाग, ताहाचलमा छापा मारेको छ । विभागमा कार्यरत नायब सुब्बा लेखापाल प्रमोद निरौलाले म्यानपावर कम्पनीको धरौटी रकम फिर्ता गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरीका आधारमा अख्तियार टोली मंगलबार बिहानै विभागको कार्यालय पुगेको थियो ।

धरौटी फिर्ताको निवेदन दिएका म्यानपावर कम्पनीका सञ्चालकबाट १५ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा लेखापाल निरौला पक्राउ परेका हुन् । अख्तियारले लेखापाल निरौलाबाट स्रोत नखुलेको ७१ हजार ६ सय २० रुपैयाँ पनि बरामद गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

लेखापाल निरौला सानातिना मामिलामा पनि घुसका लागि जबर जस्ती गर्ने कर्मचारीका रूपमा बदनाम थिए । विभागमा अन्तिम श्रम स्वीकृति दिने अन्य केही कर्मचारीहरू पनि निरौलाको शैलीलाई उछिनेर घुसका लागि मरिहत्ते गर्ने गरेको भन्दै केही वैदेशिक रोजगार व्यवसायी अख्तियारले त्यस्ता कर्मचारीलाई पनि निगरानीमा राख्नुपर्ने बताउँछन् ।

घुससहित रंगेहात पक्राउ परेका सरकारी कर्मचारीविरुद्ध आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ३ तथा दफा ९ बमोजिमको कसुरमा

पृष्ठ २ मा

## महासचिव भुर्तेल सम्मानित

**काठमाडौं/मस–** बुढानीलकण्ठस्थित जासेप कलेजले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेललाई सम्मान गरेको छ । राजधानीमा आयोजित एक कार्यक्रममा बुढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले महासचिव भुर्तेललाई सम्मान गरेका हुन् । महासचिव भुर्तेललाई वैदेशिक रोजगारमार्फत आर्थिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो । वैदेशिक रोजगार व्यवसायमा लामो समयदेखि सक्रिय रहेका महासचिव भुर्तेल सयपत्री टोल सुधार समितिका अध्यक्ष पनि हुन् । अध्यक्ष भुर्तेलको सक्रियतामा उक्त टोल व्यवस्थापनको कार्यमा उल्लेख्य प्रगति हासिल भएको बताइएको छ ।




## एयरपोर्टमा भिजिट भिसाको सेटिङ मिलाउने दुई पक्राउ

**काठमाडौं/मस–** भिजिट भिसाको सेटिङमा पठाएर मानव तस्करीमा संलग्न रहेको भन्दै प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले धादिङ त्रिपुरासुन्दरी घर भइ हाल काठमाडौंको माछापोखरी बस्ने लक्ष्मी भन्ने बबि श्रेष्ठ र भविलाल थापालाई पक्राउ गरेको हो ।

प्रहरीले थापालाई सेटिङ मिलाउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

पृष्ठ २ मा

# सुनको सिक्री नपाउँदा तोडिएको बिहे

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन ।

सम्पन्न हुनै लागेको बिहे कस्तो कारणले तोडिन्छ ? सामान्यतया हुँदाहुँदैको बिहे तोडिन ठूलै कारण चाहिन्छ । तर बारामा भने सुनको सिक्री नदिएको बाहानामा केटा पक्षले सम्पन्न हुनै आँटेको बिहे रद्ध गरिदिएको छ ।

बारा प्रहरीका अनुसार सुनको सिक्री नपाएको भन्दै बाराको कलैया उपमहानगरपालिका-४ का २८ वर्षीय बेहुला उमेश साह गोढले बिहे तोडेका हुन । सोमबार राती २ बजे सुनको सिक्री नपाएको भन्दै बेहुला र उनका आफन्तहरुले बेहुली पक्षमाथि हातपात गरेका थिए ।

बिहे नै छोडेर जान थालेपछि बेहुली पक्षले त्यसबारे प्रहरीमा खबर गरेको थियो । प्रहरीले बेहुला, बेहुलाका बुवा बच्चालाल साह गोढ, बेहुलाका दुई जना दाइ र भिनाजुलाई पक्राउ गरेको थियो ।

उनीहरुविरुद्ध बेहुली पक्षले प्रहरीमा जाहेरी समेत दिएका छन् । उनीहरुविरुद्ध प्रहरीले जिल्ला अदालतबाट दुई दिनको म्याद थप अनुमति लिएको छ ।

दाइजोस्वरुप सुनको सिक्री नपाएको निहुँमा बिहे नै रद्ध गर्ने बेहुला वीरगंज महानगरपालिकामा कम्प्यूटर अपरेटर पदमा कार्यरत छन् । दाइजोका नाममा बेहुलाले नगद १२ लाख, माइटसाइलका लागि ३ लाख २५ हजार रुपैयाँ र एक थान ल्यापटप लिएको बेहुली पक्षको भनाइ छ । त्यस्तै भोज, टेस्ट, साउण्ड, सजाबट र लत्ताकपडामा बेहुली पक्षले ठूलो रकम खर्च भएको बताएको छ ।

सुनको सिक्रीका लागि बिहे तोडेका बेहुलासँग अब बेहुली भने विवाहा नगर्ने निर्णयमा पुगेकी छिन् । आफूलाई भन्दा सुनलाई धेरै माया गर्ने मान्छेसँग जिन्दगी कटाउन नसकिने भन्दै उन्दै सम्बन्ध अगाडि नबढाउने निचोडमा पुगेकी हुन ।

मध्यान्ह
www.madhyanhadaily.com
३० फागुन २०८०, बुधबार
13 March 2024, Wednesday

# राष्ट्रिय सेवादल तालिम सरकारको उच्च प्राथमिकतामाः प्रधानमन्त्री



**काठमाडौं/मस**–राष्ट्रिय सेवा दलद्वारा सञ्चालित सि.सं.१८ सिनियर डिभिजन तालिमको मंगलबार सैनिक मञ्च टुँडिखेलमा दीक्षान्त समारोह सम्पन्न भएको छ । समारोहमा तालिम सफलतापूर्वक सम्पन्न गरेका ५४० जना क्याडेट छात्रछात्राहरू दीक्षित भएका छन् । सो अवसरमा क्याडेट छात्र छात्राहरूलाई सम्बोधन गर्दै राष्ट्रिय सेवादलका संरक्षक प्रधानमन्त्री पुष्प कमल दाहालले हालको विश्व परिवेशमा नैतिकवान, ऊर्जाशील, सृजनशील र देशभक्त युवाहरू देशको आवश्यकता रहेको कुरा उल्लेख गर्दै वि.सं.२०२२ सालमा स्थापना भएको राष्ट्रिय सेवादल नेपाल उक्त जनशक्ति उत्पादनमा प्रयासरत रहेको बताए । उनले राष्ट्रिय सेवादल तालिम नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको र बढी भन्दा बढी युवा विद्यार्थीहरुलाई यस तालिममा समेट्न प्रयास भइरहेको कुरा बताउँदै युवाहरूलाई अनुशासित, मर्यादित, मुलुकप्रति समर्पित नागरिक बनाउन तालिमको ठूलो महत्व रहेको बताए ।

प्रधानमन्त्रीले यस वर्षको तालिममा सर्वोत्कृष्ट छात्र सैनिक आवासीय महाविद्यालय, भक्तपुरका सशिलबाबु सिलवाल, सर्वोत्कृष्ट छात्रा सेन्ट जेभियर्स स्कुल, ललितपुरकी करिना राना मगर र सर्वोत्कृष्ट एबितययल सैनिक आवासीय महाविद्यालय, भक्तपुरलाई पुरस्कार प्रदान गरेका थिए । समारोहमा राष्ट्रिय सेवा दलका संरक्षक प्रधानमन्त्री तथा सह संरक्षकद्वय रक्षा मन्त्री हरि प्रसाद उप्रेती एवं प्रधान सेनापति प्रभुराम शर्माले दीक्षित क्याडेटहरुलाई दर्ज्यानी चिन्ह प्रदान गरेका थिए । दीक्षान्त समारोहमा राष्ट्रिय सेवा दलका कार्यकारी महानिर्देशक उपरथी सुरेश कुमार कार्की (अ.प्रा.) ले राष्ट्रिय सेवा दलको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सो क्रममा उनले राष्ट्रिय सेवादलका पूर्वी तालिम शिक्षालय, मोरङको याङ्सिला, मध्य पूर्वी तालिम शिक्षालय, महोत्तरीको बर्दिवास, मध्य तालिम शिक्षालय, नवलपरासीको हात्तीखोर र पश्चिम तालिम शिक्षालय, बाँकेको कौशिलानगरबाट यस वर्ष ७,७०४ जना क्याडेट छात्र/छात्राहरूले सफलता पूर्वक तालिम सम्पन्न गरेको बताउँदै हालसम्म ७४,४८० जनाले राष्ट्रिय सेवादलको सिनियर तथा जुनियर डिभिजन तालिम प्राप्त गरिसकेको जानकारी दिए ।

समारोहमा रक्षा सचिव किरणराज शर्मा तथा बलाधिकृत रथी अशोकराज सिग्देल उपस्थित थिए ।। यसैगरी, नेपाल प्रहरी एवं सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग, मुख्य अनुसन्धान निर्देशक, नेपाल सरकारका उच्च पदस्थ पदाधिकारी, सैनिक श्रीमती संघका पदाधिकारीहरु, बहालवाला तथा अवकाश प्राप्त रथीबृन्द तथा अधिकृतहरू, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरू, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

त्यस अवसरमा भारत, पाकिस्तान, श्रीलंका र मालदिभ्सका अधिकृत तथा क्याडेट छात्र छात्राहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा राष्ट्रिय सेवादल नेपालका क्याडेट छात्रछात्राहरुले सांगीतिक एवं विविध कलाकौशल प्रस्तुत गरेका थिए ।

## कर्णाली पुल केही समयका लागि बन्द



**कैलाली/मस**– सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले कर्णाली पुल केही समयका लागि बन्द गरिएकोले वैकल्पिक बाटो अपनाउन आग्रह गरेका छन् ।

उक्त पुलमा सोमबार साँझ भएको आगलागीबाट आंशिकरूपमा क्षति भएकाले मंगलबार बिहान क्षतिको स्थलगत निरीक्षणपछि उनले पुलबाट तत्काल सवारी साधन सञ्चालन नगर्न तथा वैकल्पिक बाटो प्रयोग गर्न अनुरोध गरेका हुन्। उनले टीकापुर भएर हुलाकी राजमार्ग प्रयोग गर्न सम्बद्ध सबैमा आग्रह पनि गरेका छन् । पुलमा भएको क्षतिको जानकारी लिन काठमाडौं र बुटवलबाट सम्बन्धित निकायका अधिकारी एवं प्राविधिक टोली आउन लागेको मुख्यमन्त्रीले बताएका छन् । पुलको मर्मतसम्भारपछि त्यहाँबाट सवारी साधन सञ्चालन गर्नेनगर्नेबारेमा बताउन सकिने मुख्यमन्त्री शाहीले बताए । पुलबाट एम्बुलेन्स सञ्चालनको अनुमति दिनुपर्नेमा स्थानीय निकायका पदाधिकारीले जोड दिएका छन् ।

## आठौं पटकको मातृभाषा साहित्य श्रृंखला सम्पन्न



**काठमाडौं/मस**– नेपाल प्रज्ञा-प्रतिष्ठान, साहित्य (मातृभाषा) विभागले मासिक रूपमा आयोजना गर्दै आएको मातृभाषा साहित्य शृंखला सम्पन्न गरेको छ ।

शृंखलाको नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले ब्यानर पाठ गरेर उद्घाटन गरेका थिए । सदस्य सचिव सुवेदीले चाम्लिङ भाषाको कार्यक्रम हुँदा आफ्नै जस्तो लाग्ने गरेको बताउँदै प्रत्येक भाषाको महत्व समान रहेको बताए ।

उनले चाम्लिङ भाषाका अध्येता तिलक चाम्लिङद्वारा लिखित कार्यपत्र 'चाम्लिङ भाषाको साहित्य' निक्कै पठनीय र स्तरीय रहेको बताए ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (अनुवाद) विभाग प्रमुख हंसावती कुर्मीले स्वागत मनतव्यका क्रममा कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै प्रज्ञा-प्रतिष्ठान प्रत्येक मातृभाषाको उत्थान र प्रवर्द्धन गर्न लागि परेको बताइन् । उनले मातृभाषाविना बाँच्न र जिउन कठिन हुने बताइन् ।

यसैगरी कार्यक्रमका सभाध्यक्ष ,प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (मातृभाषा ) विभाग प्रमुख राजन मुकारुङले मातृभाषा भनेको आफ्नै आमाको भाषा भएकाले हामी आफैं जागृत हुनुपर्ने बताए ।

उनले आफू बान्तवाभाषी भएपनि चाम्लिङ भाषा आफ्नो मातृभाषा सरह रहेको बताउँदै आगामी मातृभाषा शृंखला-नौंमा वाम्बुले राई भाषा साहित्यका विषयमा कार्यपत्र प्रस्तुत हुने बताएका थिए । प्रत्येक शृंखलामा फरकफरक मातृभाषाबाट तीनवटा कविता वाचन गर्ने गरिएको छ ।

यसपटकको मातृभाषा साहित्य श्रृंखला-८ औंमा चाम्लिङ राईभाषाका अध्येता तिलक चाम्लिङले 'चाम्लिङ भाषाको साहित्य' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

प्रस्तुत कार्यपत्रमा चाम्लिङ मातृभाषाको स्थिति, काल विभाजन, पाठ्यपुस्तक प्रकाशन, पत्रपत्रिका प्रकाशन, सोसल मिडियाको प्रभाव र चाम्लिङ साहित्य कृतिलगायतका बारेमा चर्चा गरिएको थियो ।

उक्त कार्यपत्रमाथि सहभागीकातर्फबाट बयानसिंह राई, सोमबहादुर धिमाल र मानबहादुर राईले पुरक विचार राखेका थिए ।

यस कार्यक्रममा मैथिली भाषामा विजेता चौधरी, बायुङ राई भाषामा वसन्त बायुङ राई, दुमी राई भाषामा प्रयास दुमी राईले कविता वाचन गरेका थिए । कार्यक्रमको सहजीकरण प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमलाले गरेका थिए ।

## लागुऔषधसहित छुट्टाछुट्टै स्थानबाट ६ जना पक्राउ

**काठमाडौं/मस**– विभिन्न जिल्लाबाट लागुऔषधसहित ६ जना पक्राउ परेका छन् । मकवानपुर भिमफेदी गाउँपालिका-२ स्थित भैंसेबाट अवैध लागुऔषध चरेश करिब १५ किलोसहित धादिङ गजुरी गाउँपालिका-८ बस्ने ३१ वर्षीय प्रशान्त तामाङलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी भैंसेबाट खटिएको प्रहरीले बा.प्र-०२-०२०प ८८३३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक तामाङलाई उक्त चरेशसहित पक्राउ गरेको हो।

दाङ, लमही नगरपालिका-५ बसपार्कबाट अवैध लागुऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ ६ ग्राम ६ सय ५० मिलिग्रामसहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा तुल्सीपुर उपमहानगरपालिका-६ सुन्दरनगर बस्ने १९ वर्षीय अरुण गाईने र २२ वर्षीय सुदिप विक रहेका छन् । वडा प्रहरी कार्यालय लमहीबाट खटिएको प्रहरीले अरुणलाई ४ ग्राम १ सय ३० मिलिग्राम र सुदिपलाई २ ग्राम ५ सय २० मिलिग्रामसहित पक्राउ गरेको हो ।

झापा, मेचीनगर नगरपालिका-१२ सरेडागीबाट अवैध लागुऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ २ सय ८० मिलिग्रामसहित २ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पाँचथर फाल्गुनन्द गाउँपालिका-३ राँके बस्ने २४ वर्षीय रोमन भन्ने रमन फेन्जुङ र ईलाम, ईलाम नगरपालिका-६ बस्ने २१ वर्षीय समिर योगी रहेका छन् । प्रहरी चौकी चारआलीबाट खटिएको प्रहरीले प्र.१-०३-००१ प ३९०३ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

कैलाली, धनगढी उपमहानगरपालिका-२ ब्यारेल स्थितबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ८ सय ५० मिलिग्रामसहित सोही उपमहानगरपालिका-१ बस्ने १८ वर्षीय किशोरलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलाली र प्रहरी चौकी त्रिनगरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ६१ जनाले गरे रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज,२९ फागुन

बाँकेको नेपालगन्जमा न्यूरो ट्रमा एण्ड मल्टिस्पेस्लिटी हस्पिटलद्वारा आफ्नो दोस्रो वार्षिकोत्सवको अवसरमा गरिएको रक्तदान कार्यक्रममा महिला पुरुष गरी ६१ जनाले रक्तदान गरेका छन् ।

न्यूरो ट्रमा एण्ड मल्टिस्पेस्लिटी हस्पिटलका अध्यक्ष निशा हुमागाई, हस्पिटलका निर्देशक डा. जोसन नयौपाने, डा. सुनिल प्रधानले रगत संकलन गर्ने पाकेट प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्राविधिक सोम प्रकाश सापकोटा, होमराज गिरी र हिमाङ्न्शु मौर्यलाई पाकेट हस्तान्तरण गरी उद्घाटन गरेका थिए ।

उक्त रक्तदान कार्यक्रम निरज कुवँरको संयोजकत्वमा गरिएको थियो । जसमा डा. सुनिल प्रधान, न्यूरो ट्रमा एण्ड मल्टिस्पेस्लिटी हस्पिटलका अध्यक्ष निशा हुमागाई, डा. जोसन न्यौपाने, सिद्धान्त, अर्जुन धामी, राहुल कश्यप, मदन बहादुर रावल, अभिषेकराज सिंह, नवरतन चौधरी, इन्द्र बहादुर चौधरी, दिपक केसी, नेहा श्रेष्ठ, अनुपम हमाल, बल बहादुर बिष्ट, सुस्मिता परियार लगायत ६१ जनाले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, होमराज गिरी, सुनिल पुलामी मगर, महेश रानाक्षेत्री सञ्जय बढही, वीरेन्द्र योगी लगायतले प्राविधिकमा सहयोग गरेका थिए भने बेगनाश कम्पनीका एरिया म्यानेजर रोहित भट्ट र किशोर लेखकले सहयोग पुऱ्याएका कार्यक्रम संयोजक निरज कुवँरले बताए ।

## सहायक वन अधिकृत र शिक्षिकाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस**- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सहायक वन अधिकृत र शिक्षिकाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले बाँकेको सब-डिभिजन वन कार्यालय, राँझामा कार्यरत सहायक वन अधिकृत नारायण पार्धेविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । काठ चिरानको लागि सिफारिस गरिदिने भन्दै सेवाग्राहीसँग लिएको ७ हजार रुपैयाँ घुससहित पक्राउ परेका पार्धेविरुद्ध मंगलबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । आरोपपत्रमा बिगोसहित सजाय माग गरिएको छ ।

आयोगको विज्ञप्तिमा भनिएको छ,'अनुसन्धानको सिलसिलामा जिल्ला बाँके, सव-डिभिजन वन कार्यालय, राँझामा कार्यरत सहायक वन अधिकृत नारायण पार्धेले काठ चिरानको सिफारिस गरिदिने प्रयोजनार्थ सेवाग्राहीसँग रु.७,०००।-(सात हजार रुपैयाँ) घुस/रिसवत माग गरी लिएको हुँदा निज नारायण पार्धेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसुर गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा विगो रु.७,०००।-(सात हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।'

यसैबीच आयोगले बालमन्दिर माध्यमिक विद्यालय, व्यास नगरपालिका, तनहुँमा कार्यरत शिक्षिका सुनिता उपाध्याय पौडेलविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र देखाएर जागिर खाएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीविरुद्ध मुद्दा दायर गरेको हो ।

पौडेलले शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट उत्तीर्ण गरेको हाईस्कुल तहको किर्ते शैक्षिक योग्यताको प्रमाणपत्रहरू पेस गरी प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदको हैसियतमा लाभ लिएको भेटिएको आयोगले जनाएको छ । शिक्षक पौडेलविरुद्ध भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजायको माग भएको छ ।

### प्रचण्डको...

आवश्यक पर्छ । ६ दल एकैठाउँमा रहँदा प्रचण्डले तेस्रो पटक पनि विश्वासको मत प्रष्ट छ ।

तर, केही गरी अवस्था फरक हुन सक्छ भन्दै एमाले अध्यक्ष ओलीले सत्तारुढ दलहरुलाई सतर्क गराएका छन् । केही गरी प्रचण्डले विश्वासको मत नपाए कांग्रेसको नेतृत्वमा सरकार बन्ने अवस्था आउने भन्दै उनले ख्याल गर्न सुझाएका हुन् ।

नेपाली कांग्रेसले प्रचण्डको विपक्षमा मत दिन सांसदलाई ह्वीप लगाएको छ । प्रतिनिधि सभामा कांग्रेसका ८८ सांसद छन् । लोकतान्त्रिक समाजवादी पार्टी लोसपाका चार जना सांसद छन्। लोसपा प्रचण्डलाई विश्वासको मत दिने विषयमा मंगलबारसम्म मौन छ। तथापि मंगलबार भएको राष्ट्रिय सभा अध्यक्षको निर्वाचनमा लोसपाले कांग्रेस उम्मेदवार युवराज शर्माको पक्षमा मतदान गरेको छ।

राष्ट्रिय जनमोर्चाले पनि प्रचण्डलाई विश्वासको मत दिने कि नदिने भनी निर्णय लिएको छैन। प्रतिनिधि सभामा लोसपाका एक जना सांसद छन्। स्वतन्त्र दुईजना सांसदहरु प्रभु साह र अमरेशकुमार सिंहले पनि कुनै निर्णय लिएका छैनन् ।

### राष्ट्रिय...

राजनीतिमा निरन्तर छन् । २०३६ सालदेखि पूर्णकालिन राजनीतिमा सक्रिय भएका दाहाल २०४८ मा २०५७ सालदेखि माओवादीको केन्द्रीय सदस्य छन् ।

माओवादी शान्ति प्रक्रियामा आएपछि दाहाल २०६३ मा अन्तरिम व्यवस्थापिका संसदमा सदस्य थिए । २०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा चितवन निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका थिए । २०७० सालको चुनावमा सोही क्षेत्रबाट पारजित भएका उनी त्यसयता संघीय संसदमा आउन सकिरहेका थिएनन् ।

गत वर्ष (२५ चैत २०७९ मा) तत्कालीन राष्ट्रपतिबाट मनोनित राष्ट्रिय सभामा छिरेका दाहालले यसवर्ष सभाको नेतृत्व गर्ने अवसर पाएका हुन्। राष्ट्रिय सभामा उनको कार्याकाल चार वर्ष बाँकी छ ।

### विभागमा...

उक्त ऐनको दफा ८ को उपदफा ३ तथा दफा ९ बमोजिम सजाय हुन मागदाबी लिइ विशेष अदालतमा मुद्दा चलाउने गएको छ। आयोगले लेखापाल निरौलाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जनाएको छ।

### एयरपोर्टमा...

गएको अवस्थामा पक्राउ गरेको हो भने श्रेष्ठलाई थापाको बयानका आधारमा पक्राउ गरेको हो । श्रेष्ठ र थापाले ३ जना महिलालाई भिजिट भिसामा दुबई पठाइदिन्छु भनि प्रतिव्यक्ति दुई लाख रुपैयाँका दरले ६ लाख रुपैयाँ लिएको समेत खुलेको प्रहरीले बताएको छ ।

त्यसैगरी खिमा डाँगीसमेत २ जनालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु भनि ६० लाख रुपैयाँ लिइ सम्पर्कविहीन भइ ठगी गरेको उजुरीका आधारमा प्रहरीले उदयपुरको त्रियुगा घर भइ हाल काठमाडौंको टोखा बस्ने लोक बहादुर राउतलाई पनि पक्राउ गरेको छ । उनले अमेरिका पठाउन प्रतिव्यक्ति ८० लाख रुपैयाँ लाग्ने र अमेरिका पुगेपछि प्रतिमहिना ७ लाख ५० हजार रुपैयाँ तलब हुने प्रतिष्ठित कम्पनीमा काम लगाइदिन्छु भनि विश्वास दिलाइ पटक-पटक गरी उक्त रकम हात पारेको प्रहरी बताएको छ । राउतलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको तथा थापा र श्रेष्ठलाई उपत्यका अपराध अनुसन्धान शाखा पठाइएको प्रहरीले बताएको छ ।


## MALAYSIA र KUWAIT मा रोजगारको अवसर

कम्पनी: WAYNUM HARDWARE SDN BHD — शहर: Malaysia, JOHOR
पूर्व स्वीकृत मितिः २०८०/०३/२२ — चलानी नं.: ६०२०४३५१ — LT. No.: 289112 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory worker | 27 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: KAYAN ALDAWLYIA CO. FOR GENERAL CLEANING SERVICES FOR BUILDINGS — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८०/११/२९ — चलानी नं.: ६०२१६३२६ — LT. No.: 301425

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rope Access Worker | 2 | 0 | स. काममा दक्ष | 120 | ५१,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MARAFICK MANAGEMENT FOR TRADING & CONTRACTING W.L.L. — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८०/११/२९ — चलानी नं.: ६०२१६३२७ — LT. No.: 301426

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rope Access Worker | 3 | 0 | स. काममा दक्ष | 120 | ५१,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ७ गते (20 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9818550053 | 9801026390 | 9803126395



## निजगढ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा, मधेश प्रदेश, नेपाल

### निजगढ नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो। तसर्थ विकासका खातिर समयमै तोकिएको
- कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं । नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं ।
- तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं । कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं ।
- सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातनै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी
- सफा, सुन्दर बनाउन सहयोग गरौं । शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं ।
- २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# पुरातन शैलीमा काम गर्ने छुट कसैलाई छैन : उपप्रधानमन्त्री लामिछाने

**काठमाडौं/मस–**उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले सुशासन कायम गर्न र सहज सेवा प्रवाहमा गृह मन्त्रालय प्रत्यक्ष जोडिने भएकाले पुरातन शैलीमा काम गर्ने छुट कसैलाई नभएको बताएका छन् ।

सिंहदरबारमा मंगलबार गृह मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा अर्धवार्षिक समीक्षालाई सम्बोधन गर्दै उनले भने, 'म पनि विशेष टिओआर लिएर आएको छु। यहाँहरुसँग त परिभाषित जिम्मेवारी छँदै छ । त्यसैले आपसी सहकार्यमा नागरिकले तत्काल महसुस हुने गरी सुधारका काम गरौँ ।'



उपप्रधानमन्त्री लामिछानेले पद सुरक्षित हुँदाहुँदै पनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्ता साझेदार दल परिवर्तन गर्नुको मूल कारण नै 'डेलिभरी' दिनका लागि भएको उल्लेख गरे ।

गृह मन्त्रालयसँग स्रोत-साधनको अभाव रहेको भन्दै उनले प्रहरीका दुवै संगठनसँग आधारभूत वस्तुको खाँचो रहेको औँल्याए ।

उपप्रधानमन्त्री लामिछानेले सवारी साधन, हातहतियार, उपकरण र प्रविधिमा पनि लगानी गर्नुपर्ने भएकाले त्यसतर्फ पर्याप्त ध्यान दिने बताए । नयाँ आर्थिक वर्षका लागि बजेट बन्ने प्रक्रिया शुरु भएकाले प्राथमिकता निर्धारणसहित तयारी गर्न र बजेटको सिलिङ बढाउन नभई 'रिभ्यू' गर्न उनले आग्रह गरे ।

राजस्व संकलन र चुहावट नियन्त्रणमा गृह प्रशासनको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्दै उपप्रधानमन्त्री लामिछानेले राजस्व बढाउन सक्यौं भने गृहको बजेट क्रमशः 'रिभ्यू' हुने बताए । उनले देशको ढुकुटी बलियो बनाउन इमान्दार प्रयास गर्न अनुरोध गरे। बैठकपछि उपप्रधानमन्त्री लामिछानेले गृह मन्त्रालयबाट सरुवा भएका सचिव दिनेश भट्टराईलाई बिदाइ गरेका थिए। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले गृहसचिव भट्टराईलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा गरेको थियो। उनको स्थानमा एकनारायण अर्याल आएका छन् ।

# महिलाहरूलाई आत्मनिर्भर बनाउँदै उज्यालो भविष्य



**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २९ फागुन

दोलखाको सदरमुकाम चरिकोटमा ११ दिने हाते होजियारी बुनाइ तालिम सम्पन्न भएको छ । फागुन १९ गतेदेखि उज्यालो भविष्य संस्थाको आयोजना र भिमेश्वर नगरपालिकाको सहकार्यमा महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले शुरु भएको सो तालिम मंगलबार सम्पन्न भएको हो ।

तालिमका विशेष अतिथि कमला बस्नेतले तालिमलाई बालुवामा पानी हालेको जस्तो हुन नदिन आग्रह गरिन् । उनले तालिम अवधिभर सिकेको सिपलाई व्यवसायिक सिपमा परिणत गर्दै सिपलाई आयस्रोत बनाउनुपर्नेमा जोड दिइन् । आफ्नै घरमा बसेर जुनसुकै समयमा बनाउन मिल्ने भएकाले आफुले बुनेका सामग्रीले बजार नपाएको खण्डमा बजारीकरणसम्म पुऱ्याउन भिमेश्वरले सहयोग गर्ने उनले प्रतिबद्धता जनाइन् ।

नगर प्रमुख ईश्वरनारायण मानन्धरले तालिममा सिकेका कुराहरूलाई व्यवहारमा लागु गर्न आग्रह गरे। आफुले सिकेका सिपलाई परिमार्जन गरेर सिपलाई निखारता गर्दै अघि बढ्न अनुरोध गरे। महिलाहरूले बनाएका सामग्रीहरूलाई बजारीकरण गर्नको निमित्त नगरले भिमेश्वर नगरपालिकामा सञ्चालित कोसेली घरसँग समेत सहकार्य गरेर त्यहाँ राख्ने वातावरण मिलाउने प्रतिबद्धता जनाए ।

त्यस्तै संस्थाका अध्यक्ष बस्नेतको अध्यक्षतामा सम्पन्न भएको तालिममा नगर प्रमुख मानन्धर, उपप्रमुख बस्नेत, नगरका प्रवक्ता तारानाथ चौलागाईं, रेडियो भिमेश्वरका स्टेशन म्यानेजर गोकर्ण भण्डारी, संस्थाका महासचिव निर्जला आचार्य, सचिव सिर्जना श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गरेका थिए । ११ दिन सम्म सञ्चालन भएको तालिममा २५ जना महिलाहरुको उपस्थिति रहेको थियो। तालिमको सहजीकरण मैया श्रेष्ठले गरेकी थिइन् ।

# बुटवल आर्थिक विकासमा देशकै सर्वोत्कृष्ट नगर घोषित

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, २९ फागुन

बुटवल उपमहानगरपालिका स्थानीय आर्थिक विकास मापनमा देशकै सर्वोत्कृष्ट घोषित भएको छ । आर्थिक वर्ष २०७९/८० मा देशभरका स्थानीय तहमध्ये बुटवलले सर्वोत्कृष्ट भइ 'म्युनिसिपल एक्सिलेन्स अवार्ड' पाएको हो । नेपाल नगरपालिका संघले मंगलबार आयोजित समारोहमा बुटवललाई सो अवार्ड प्रदान गरेको छ । काठमाडौंमा आयोजित समारोहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले बुटवल उपमहानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयलाई उत्कृष्ट नगरपालिका पुरस्कार प्रमाणपत्र हस्तान्तरण गरेका थिए ।



प्रशासनविद् काशीराज दाहाल नेतृत्वको मूल्यांकन समितिले देशभरका नगरपालिकाले गरेका कार्यका ५ क्षेत्रको अध्ययन गरी मूल्यांकन प्रतिवेदन तयार गरेको थियो । तीमध्ये स्थानीय आर्थिक विकासतर्फ बुटवलले देशका सबै स्थानीय तहलाई उछिन्न सफल भएको हो। नगरले सार्वजनिक सेवा सुदृढ गर्दै आधुनिक प्रशासनलाई जनउत्तरदायी बनाउने प्रयास गरेको नगर प्रमुख पाण्डेयले बताए। 'बुटवल उपमहानगरपालिका आफ्ना सबै क्षेत्र परिष्कृत गर्दै चौतर्फी विकासको मार्गमा अघि बढेको छ', उनले भने, 'आर्थिक रचना र प्रणालीले मानिसको विधि पद्धति, मानव सम्बन्धमा परिवर्तन ल्याउन सक्छ।'देशकै उत्कृष्ट नगरका रुपमा पुरस्कृत हुनुले आफूहरुको काममा हौसला थपिएको भन्दै प्रमुख पाण्डेयले नगरलाई यो अवस्थामा ल्याउन सहयोग गर्ने जनप्रतिनिधि, कर्मचारी, विभिन्न राजनीतिक दललगायत सबै सरोकारवालालाई धन्यवाद दिएका छन् । उनले बुटवलमा विकास र परिवर्तनको यात्रा शुरु भएको भन्दै अनुभूत गर्न समय लाग्ने बताए । उनले बुटवलको मार्ग स्पष्ट रहेको र स्पष्ट चित्र देखिन पनि थालेको बताएका छन् ।

'बुटवललाई देशकै अगुवा सहरका रुपमा स्थापित गर्न शिक्षा, स्वास्थ्य, प्रविधि, पर्यटन, रोजगार सिर्जना, उद्यमशीलतामा जोड दिएका छौं। त्यसका लागि केही योजना अघि सारेका छौं, जुन कार्यान्वयनका क्रममा छन्', उनले भने । उनका अनुसार बुटवल उपमहानगरपालिकाले अहिले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र रोजगारीलाई मुख्य प्राथमिकतामा राखेर काम गरिरहेको छ। 'हाम्रो मुख्य कार्यभार चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गर्ने, चालु योजनालाई समयमै सम्पन्न गर्ने, बुटवलवासीलाई सुशासन र विकासको अनुभूति दिलाउनु हो। संघ, प्रदेश र आन्तरिक स्रोतको अधिकतम परिचालन तथा दातृ निकायहरुबाट प्राप्त सहयोगको उच्चतम उपयोग गरी बुटवलको विकासमा नयाँ उचाइ हासिल गर्नेछौं', उनले भने ।

सुशासन, शिक्षा, स्वास्थ्य, रोजगारीलाई मुख्य प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम, बजेट र योजनाहरु अघि बढाइएको नगरप्रमुख पाण्डेयको भनाइ छ । 'विकास सँगसँगै नगरको सौन्दर्यीकरण, सहरी व्यवस्थापन र सेवासुविधामा सुधार ल्याउनु स्थानीय सरकारको प्रमुख दायित्व हो', नगरप्रमुख पाण्डेयले भने। उनका अनुसार उपमहानगरले आफ्ना नागरिकका आवश्यकतालाई दृष्टिगत गर्दै सेवा प्रवाहलाई जनमुखी बनाउन घरदैलो सेवा समेत शुरु गरेको छ । बाआमासँग नगरप्रमुख कार्यक्रममार्फत् ६० वर्षमाथिका जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण तथा औषधी वितरण, अपांगता परिचयपत्र वितरण, सुत्केरी महिलाको स्वास्थ्य जाँच, पशुचौपायाको स्वास्थ्य परीक्षण तथा औषधी वितरणलगायतका कार्यक्रम नागरिकको घरदैलोमै पुऱ्याइएको पाण्डेको भनाइ छ ।

# सुनजस्तो देखिने बस्तुसहित दुई जना पक्राउ

**काठमाडौं/मस–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन जस्तो देखिने धातुको करिब २ सय १० ग्राम तौल भएको विभिन्न गरगहनासहित दुई जना पक्राउ परेका छन् ।

प्युठान ऐरावती गाउँपालिका-६ घर भएकी २८ वर्षीया संगीता परियारलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । फ्लाई दुवईको उडानद्वारा दुवईबाट काठमाडौं आएकी उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटमा जाँच गर्ने क्रममा भन्सार छली गरी लैजान लागेको अवस्थामा उक्त धातुको लकेट सहितको सिक्री १ थान, ब्रासलेट १ थान, औंठी ३ थान, रानीहार १ थान, मिनिहार १ थान, मंगलसुत्र २ थान, कानमा लगाउने झुम्का २ जोर र औंठी १ थानसहित फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि भन्सार कार्यालय गौचरमा बुझाइनेछ ।

यस्तै सिन्धुपाल्चोक, बाह्रविसे नगरपालिका-३ खुर्सानीबारीबाट करिब १ किलो सुनजस्तो देखिने वस्तुसहित भोटेकोशी गाउँपालिका-५ मार्मिङ बस्ने २३ वर्षीय थारचेन तेम्बा तामाङलाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय बाह्रविसेबाट खटिएको प्रहरीले भे.११ प ५५५८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक तामाङले पेटमा बाँधी लुकाई ल्याएको अवस्थामा फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशन गरिएको सूचना

**यस कम्पनीले विदेशबाट पैठारी गरेको देहायको माल वस्तुहरुको अधिकतम् खुद्रा बिक्री मुल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

तपशिल

| S.NO. | GOODS ITEM DETAIL | MODEL | BRAND | CAPACITY | MRP. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Range Hood/ Chimney | C90BK BF | COREE | 130 WATT | 28,880.00 | |
| 2 | " | SLIM 75 BK FL | " | " | 30,880.00 | |
| 3 | " | C90 BK FL | " | " | 34,880.00 | |
| 4 | " | LINEA 90 BK | " | 180 WATT | 38,880.00 | |
| 5 | " | ARC 90 PLUS BK | " | " | 38,880.00 | |
| 6 | " | CURL 90BK BF | " | " | 42,880.00 | |
| 7 | " | CURV 90 BK FL | " | " | 42,880.00 | |
| 8 | " | LEAN 90 BK | " | " | 46,880.00 | |
| 9 | " | SA-LEAN 90+ BK FL | " | " | 52,880.00 | |
| 10 | BURNER HUB | BLAZEE 784 FFD | " | 5 KW | 54,880.00 | |
| 11 | " | BLAZEE 783 FFD | " | 5 KW | 48,880.00 | |
| 12 | " | SUPEER 784 HH | " | 5 KW | 49,880.00 | |
| 13 | " | SUPEER 783 HH | " | 5 KW | 44,880.00 | |

**Note: The above prices are inclusive of 13% VAT.**

PAN No. 610255168
Tel No.: +977 9802342348

**Sarjee Nepa Pvt. Ltd**
Kirtpur-09 Kathmandu Nepal
Email: sarjeenepa@gmail.com


# 'स्पञ्ज आइरन' र 'बिलेट'को भन्सार महसुल अध्ययन गर्न उपसमिति गठन



**काठमाडौं/मस–** उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले 'स्पञ्ज आइरन' र 'बिलेट'को भन्सार महसुल एवं अन्तःशुल्कका बारेमा थप अध्ययन र उद्योगको अवलोकन गर्न उपसमिति गठन गरेको छ । मंगलबारको प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सात सदस्यीय उपसमिति गठन गरेको हो ।

उपसमितिको सदस्यहरूमा कृष्णकुमार श्रेष्ठ, गणेश पराजुली, गीता बस्नेत, दुर्लभ थापा, रेखा यादव, लक्ष्मी महतो कोइरी र सूर्यमान तामाङ छन् ।

समितिको बैठकले नेपालमा सुर्ती, खैनी तथा गुट्खा उत्पादनको अवस्था र वार्षिक रूपमा हुने आयातको विवरण उपलब्ध गराउन निर्देशन दिएको छ ।

समितिका सभापति अब्दुल खानले भने,'सुर्ती, खैनी तथा गुट्खा उद्योगको पूँजी तथा क्षमता वृद्धिको स्वीकृतिका सम्बन्धमा छलफल भएको थियो । नेपालमा सञ्चालित विभिन्न किसिमका सुर्ती, खैनी तथा गुट्खा उद्योगको विवरण लिने, सुर्ती, खैनी तथा गुट्खा उत्पादनको अवस्थाबारे विवरण उपलब्ध गराउने, वार्षिक रूपमा हुने आयातको विवरण समितिलाई उपलब्ध गराउन निर्देशन दिने निर्णय गरेको छ ।' नेपाल कम्युनिष्ट पार्टी (एमाल)का सांसद लक्ष्मी महतो कोइरीले स्वास्थ्यमा प्रतिकूल असर पर्ने उद्योगमा लगानी गर्न नहुने बताइन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद असिम साहले स्थानीय तहले सुर्ती, गुट्खाजन्य कुराको बन्द गर्ने तर सङ्घीय सरकारले उत्पादनको क्षमतामा वृद्धि गर्ने जस्ता निर्देशन दिने कुरा बाझिएको बताए ।


## Vacancy Annoucement

One of the Leading Manpower agency is seeking for following applicants.

Accountant : 1 (Male/Female)
Documentation : 2 (Female)
Experience in Manpower field minimum 2 years experience.

Salary Negotiable

**Concept Placement Resource Pvt. Ltd.**
Basundhara 6, Kathmandu Nepal.
Mobile No: 977 9812209637/9801186314, Email:inquiry@cpr.com.np
Gov. Lic. No. 1636/080/081



## साईप्रसमा रोजगार

कम्पनी : ANSOT EMPLOYMENT SERVICES LIMITED
शहर: AYIA NAPA

पुर्व स्वीकृत मिति: २०७९/११/१२ | चलानी नं.: ६०१९७१८४ | LT. No.: 281507 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 3 | 3 | सम्बन्धित काममा दक्ष | 1296 | १८७,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Housekeeping | 3 | 3 | | 970 | १४०,२०४ | | | | | | | |
| 3. | Waiter / Waiteress | 3 | 4 | | 1183 | १७०,९९१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ७ गते** (20 March 2024) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्फौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १५३३/०७८/०७९

**Golden Achivers International Pvt.Ltd.**
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Mobile: 9818261234, 9803552057, 9808752412
Itahari: 025-590946,9802702545,9808349334, 9818455280
Email: info@goldenach.com, web:www.goldenach.com



## Marsyangdi Rural Municipality
## Office of the Rural Municipal Executive
Bhulbhule, Lamjung
Gandaki Province, Nepal

### Invitation for Bids

(Second Date of Publication: 13rd March 2024 (2080-11-30)

1. The Road board Nepal has allocated funds to Marsyangdi Rural Municipality for Upgrading of road and the Rural Municipality invites only electronic bids from eligible bidders for the following project under National Competitive Bidding procedures mentioned in the table below.

| Contract ID | Description of Work | Estimated Amount (Exclusive of VAT and Contingencies and With PS) NRs. | Bid Validity Period | Bid Security Amount/ Validity | Bid Document Fee |
|---|---|---|---|---|---|
| 08/MRM /ROAD/ 2080-81 | Upgrading Works of Ngadi-Dovanchaur-Arkhalebeshi-Bahundanda Road | 23,57,154.11 | 90 Days | 68,000.00 /120 days | 3000 |

| | |
|---|---|
| Deadline for Bid Submission | 2080/12/15 (28th March 2024 ) till 12:00 Noon |
| Date Time and Location for Bid Opening | 2080/12/15 (28th March 2024 ) 13:00 at Office Premises |
| Account Details for Bid Document | Name of the bank: Himalayan Bank Limited, Bhulbhule, Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule Lamjung, Office Account Number: 25756351950147 |
| Account Details for Bid Security | Name of the bank: Himalayan Bank Limited, Bhulbhule, Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung, Office Account Number: 25756351950098 |

2. Eligible Bidders may obtain further information at the office of Marsyangdi Rural Municipality or may contact 9856079335 and to inspect the bidding documents should visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.
3. Matters not covered above shall be as per the latest amendment of Public procurement Act and its Regulation.

*Chief Administrative Officer*



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
३० फागुन २०८०, बुधबार
13 March 2024, Wednesday

## सम्पादकीय

# संख्या मात्रै सबथोक होइन

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तेस्रोपटक संसद्मा विश्वासको मत लिँदैछन् । बितेको १४ महिनामा प्रधानमन्त्रीले गत वर्ष २६ पुस र १७ चैतमा विश्वासको मत लिएका थिए । पहिलोपटक नेकपा एमाले सहित संसद्को लगभग सबै दलका सांसदले विश्वासको मत दिएका थिए । दोस्रोपटक एमाले र राप्रपा सहित केही दल बाहेकको विश्वास पाए । नीति तथा कार्यक्रम पनि संसद्को बहुमतबाट पारित भयो । त्यसबेला रास्वपाले विपक्षमा मतदान गरे । बजेट पारित भइरहँदा प्रधानमन्त्री प्रचण्डसँग १४७ सांसदको साथ थियो । त्यसैले तेस्रो नभएर अहिले प्रधानमन्त्री प्रचण्डले चौथोपटक विश्वासको मत लिँदैछन् । यद्यपि विश्वासको मत नै भनेर कार्यसूची तयार भएको यो तेस्रो पटक हो । गत २१ फागुनमा नेपाली कांग्रेससँगको गठबन्धन तोडेपछि प्रधानमन्त्री प्रचण्डले एमाले सहित पाँच दलका सांसदबाट विश्वासको मत पाउने लगभग पक्का छ ।

यद्यपि प्रधानमन्त्री प्रचण्ड विश्वासको मत पाउनेमा ढुक्क देखिदैन । अझ प्रमुख सत्ता सहयात्री एमालेका अध्यक्ष केपी शर्मा ओलीले विश्वासको मत नपाए मुलुकमा अर्कै सरकार बन्ने विश्लेषण आफ्ना सांसदहरूलाई सुनाएका छन् । मंगलबार संसदीय दलको बैठक राखेर ओलीले विश्वासको मत दिने अनि सरकारको आलोचना नगर्ने निर्देशन आफ्ना सांसदहरूलाई दिएका छन् । विश्वासको मत दिने दलहरूको संख्या हेर्दा कुनै नाटकीय परिवर्तन नभए बुधबार प्रधानमन्त्रीले विश्वासको मत पाउनेछन् । त्यसआधारमा आगामी आर्थिक वर्षको बजेट ल्याउने बेलासम्म कुनै समस्या नआउने अनुमान गर्न सकिन्छ । यदि आएछ भने पनि प्रधानमन्त्री प्रचण्ड र सहयात्री ओलीले निकास निकाल्लान् नै ।

तर यो दृष्य नेपाली राजनीतिका निम्ति खासै उत्साहप्रद होइन । किनकि प्रधानमन्त्रीले विश्वासको मत पाएपछि प्रदेशहरूको सत्ता विनिर्माणको खेल सुरू हुनेछ । कतिपय प्रदेशमा संवैधानिक समस्या आउने अनुमान गरिन्छ । त्यसको कारण पनि निरन्तर गठबन्धन बदल्ने प्रधानमन्त्रीको निर्णय नै कारण हो । यद्यपि प्रदेश सरकारहरूको पनि पुनगर्ठन होला, मुख्यमन्त्रीहरूले विश्वासको मत पाउने परिस्थिति बन्ला । तर विश्वासको मत पाइरहेका प्रधानमन्त्री र मुख्यमन्त्रीहरूले नागरिकको विश्वास लगातार गुमिरहेको बिर्सन मिल्दैन । शीर्ष नेताहरूको सनक र स्वार्थमा सांसदहरूले मत दिदैमा त्यो सरकार आफै प्रिय हुँदैन । अझ लोकतान्त्रिक अभ्यास भएका मुलुकहरूमा नागरिकको निर्णय नै अन्तिम हुन्छ । तसर्थ सत्तासीन र सत्ताको चाहना राख्नेहरूले संसद्को भन्दा पनि नागरिकको विश्वास जित्नेगरी निर्णय लिन आवश्यक छ । सत्ता सधैं भागबण्डा र सांसदलाई खुसी बनाउने विषय मात्रै होइन ।

# सुशासन र सामाजिक उत्तरदायित्व

*एकातर्फ नीतिनियमहरूको अक्षरशः पालना नभएका कारण संस्थागत सुशासन कमजोर बनेको छ भने अर्कोतर्फ, कर छली र भ्रष्टाचारका घटना दिनहुँजसो हुने गरेका छन् । जसले जनतालाई थप आहत दिइरहेको छ ।*

अग्रलेख



● कुसुम तिवारी पाठक

नेपालको नवौं योजनादेखि सुशासनलाई जोड दिइएको पाइन्छ । विश्वका विभिन्न देशको तुलनामा नेपालको सुशासनको अवस्था नाजुक छ भन्ने सबैको बुझाइ छ । कर्मचारीतन्त्र जनमुखी हुन नसकेको, जवाफदेहिता, स्वतन्त्र न्यायपालिका, कुशलता, प्रभावकारिता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा सुधार देखिँदैन । यसको सोझो असर सर्वसाधारण जनतामा परेको छ । सुशासनका विभिन्न अङ्गहरूमा प्रजातान्त्रिक शासन व्यवस्था, सार्वजनिक उत्तरदायित्व, चुस्त प्रशासनयन्त्र, आचरण र व्यवहारमा सुधार र जनताको हित गर्ने भन्ने भएको हुँदा आम मानिसले बुझ्ने सुशासन पनि यही हो । सुशासनको अभावको कारण नै बैंकिङ्गमा वित्तीय क्षेत्र सुधार कार्यक्रम र अन्य संस्थाहरूमा पुनर्संरचना, पुनर्संगठित जस्ता कार्यहरू बेलाबखत हुने गरेको देखिन्छ । तर पनि जनताले अपेक्षा गरेको सेवा पाएको देखिँदैन । जुनसुकै क्षेत्रमा पनि बेथिति देखिन्छ ।

अभाव, महँगी, ढिलासुस्तीले जनता आजित छन् । सबैको बुझेको सुशासन त अभाव नहुनु, छिटो छरितो सेवा उपलब्ध हुनु, महँगी नियन्त्रण हुनु र भ्रष्टाचारको अन्त्य नै हो तर, हाम्रो देशमा जनताले यो कुराको अनुभव गर्न सकेको देखिँदैन । व्यवसाय तथा कम्पनी सञ्चालनका लागि बनेका नीति नियम, ऐन, कानून तथा कार्यविधिलाई समष्टिगतमा संस्थागत सुशासन भन्ने गरिन्छ । कुनै पनि देशको सुशासनको अवस्थालाई अङ्क गणितीय रूपमा मापन गर्न सकिँदैन । हामीले बुझेको सुशासन त समाजमा महिला पुरुषबीच विभेद नहोस्, महिलालाई पुरुषबाट यौन हिंसा नहोस्, बालबालिका बलात्कृत हुन नपरोस्, अपराधीलाई उचित दण्ड सजाय होस्, पुरुषलाई यौनहिंसा गऱ्यो भनेर उचित छानबिन बिना अनावश्यक फसाउने कार्य नहोस्, कानुनी दायरा र दण्ड सजायमा महिला पुरुष भनेर भेदभाव नहोस्, सबैले आफ्नो हकअधिकार कानुनको पालना गर्दै स्वतन्त्रतापूर्वक पालना गर्न पाउन भन्ने नै हो । तर, समाजमा यस्तो अवस्था देखिँदैन । समाजलाई सरसर्ती हेर्दा केही मानिसमा कसैलाई कसैप्रति इर्ष्या वा आपसी मनमुटाव भयो कि सामाजिक सञ्जालको प्रयोग गरेर कसरी फसाउन र बदनाम गर्न सकिन्छ भन्नेमा ध्यान केन्द्रित भएको देखिनुले सुशासनलाई चुनौति दिएको छ ।

हाल नेपालमा धेरै संघ संस्थाहरूमा कमजोर सुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीको कारण संस्थागत जोखिम दिनहुँ बढिरहेको छ । सुशासनको अवस्था राम्रो नहुनुमा कमजोर नियमन नै हो । तसर्थ, पनि कमजोर नियमनका कारण स्रोत र साधनको दुरुपयोग सम्बन्धी समाचार निरन्तर जस्तै सुन्न पाइन्छ । संस्थागत सुशासनमा देखिएका चुनौतीहरूलाई हेर्दा राजनैतिक अस्थिरता, जवाफदेहिता, पारदर्शिता, संस्थागत दक्षतामा कमी, कानुनी शासन र पारदर्शिता नारामा मात्रै सीमित रहेको, परिवर्तनलाई आत्मसाथ गर्ने प्रवृत्तिको कमी र लक्ष्य मापन गर्ने सूचक र मापदण्डको अभाव, कार्यरत कर्मचारीहरूमा सकारात्मक सोचको कमीको साथै, समस्या समाधानतर्फ उन्मुखताको कमी, दैनिक कार्यहरूमा नियमित परीक्षणको अभाव र प्रत्येक काम कारबाहीमा अत्याधिक राजनीतिकरण हुनु, दण्डहीनताको विकास हुनुलगायत रहेको छ ।

नेपालमा सुशासनको क्षेत्रमा नीति नियमहरू प्रशस्त बनेको तर, कार्यान्वयनको अवस्था निकै कमजोर छ । संस्थागत सुशासनको लागि आफू कार्यरत संस्था मेरो आफ्नै हो र यसमा कुनै समस्या आएमा यो मेरो व्यक्तिगत र मलाई परेको समस्या हो भन्ने कुराको जबसम्म सम्बन्धित सबैमा बोध हुँदैन तबसम्म नीतिगत कुरा र यसको कार्यान्वयनमात्र पनि समस्याको समाधान होइन । सुशासनका लागि निजी क्षेत्र, कर्मचारीतन्त्र, ट्रेड युनियन, मिडिया, स्थानीय प्रशासन, प्रहरीलगायत सरकारसमेतको



*जुनसुकै क्षेत्रमा पनि बेथिति छ । अभाव, महँगी, ढिलासुस्तीजस्ता समस्याले जनता आजित छन् । सबैले बुझेको सुशासन त अभाव नहुनु, छिटो छरितो सेवा उपलब्ध हुनु, महँगी नियन्त्रण हुनु र भ्रष्टाचारको अन्त्य हुनु हो, तर हाम्रो देशमा जनताले यो कुराको अनुभव गर्न सकेको देखिँदैन ।*

